# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, असोज २५ गते २०३९ साल (संख्या २६

श्री ५ को सरकार

### शिक्षा तथा संस्कृति मन्त्रालयको

### सूचना

**प्राविधिक तथा व्यावसायिक शिक्षा समिति (गठन) आदेश, २०३९**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "प्राविधिक तथा व्यावसायिक शिक्षा समिति (गठन) आदेश, २०३९" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "विद्यालय" भन्नाले प्राविधिक तथा व्यावसायिक विद्यालय सम्झनु-पर्छ ।

(ख) "शिक्षक" भन्नाले विद्यालयका प्रधान अध्यापक र अध्यापक सम्झनु-पर्छ ।

(ग) "निर्देशनालय" भन्नाले प्राविधिक तथा व्यावसायिक शिक्षा निर्दे-शनालय सम्झनुपर्छ ।

३२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. समितिको गठन : (१) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमसम्बन्धी नीति निर्धारण र निर्देशनको निमित्त प्राविधिक तथा व्यावसायिक शिक्षा समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्:-

(क) माननीय शिक्षा तथा संस्कृति मन्त्री —अध्यक्ष

(ख) राष्ट्रिय योजना आयोगका माननीय सदस्य (जनशक्ति क्षेत्र हेर्नु हुने) —सदस्य

(ग) सचिव, शिक्षा तथा संस्कृति मन्त्रालय —सदस्य

(घ) शिक्षाध्यक्ष, त्रिभुवन विश्वविद्यालय —सदस्य

(ङ) सदस्य-सचिव, राष्ट्रिय शिक्षा समिति —सदस्य

(च) डीन, इञ्जिनीयरिङ्ग अध्ययन संस्थान —सदस्य

(छ) सह-सचिव, स्थानीय विकास मन्त्रालय, तालीम शाखा —सदस्य

(ज) महा-निर्देशक, कृषि विभाग —सदस्य

(झ) महा-निर्देशक, पशु विकास तथा पशु चिकित्सा विभाग —सदस्य

(ञ) महा-निर्देशक, घरेलु तथा ग्रामीण उद्योग विभाग —सदस्य

(ट) महा-निर्देशक, पर्यटन विभाग —सदस्य

(ठ) निर्देशक, श्रम विभाग —सदस्य

(ड) श्री ५ को सरकारबाट मनोनीत निजी क्षेत्रका कृषि वा उद्योग वा अन्य व्यवसायसंग सम्बन्धित प्रतिष्ठित व्यक्तिमध्येबाट दुइजना —सदस्य

(ढ) महा-निर्देशक, प्राविधिक तथा व्यावसायिक शिक्षा निर्देशनालय— सदस्य-सचिव

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरू हेरफेर वा थपघट गर्न सक्नेछ ।

(४) समितिले आवश्यक देखेमा अन्य कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार : (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमसम्बन्धी नीति निर्धारण गर्ने, योजना तर्जुमा गर्ने र आर्थिक स्रोतको व्यवस्था गर्ने ।

(ख) प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालीम कार्यक्रमहरूको क्षेत्र र स्तर निर्धारण गर्ने ।

३२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कार्यहरू सम्पादन गर्न समितिले निर्देशनालयमार्फत् देहायका कार्यहरू गर्ने गराउनेछः—

(१) विभिन्न व्यवसाय तथा पेशाहरूका लागि आवश्यक दक्ष र अर्धदक्ष जनशक्ति तयार गर्न उपयुक्त प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयन गराउने ।

(२) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री, भौतिक सुविधा, शिक्षकको व्यवस्था र मूल्याङ्कन तथा निरीक्षण प्रणालीको व्यवस्था गराउने ।

(३) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको विकास गर्न अध्ययन अनुसन्धान कार्यहरू गर्ने गराउने र प्रवर्द्धन तथा प्रचार-प्रसार गर्ने, गराउने ।

(४) विद्यालय स्थापनाको लागि कार्यविधि तयार गर्ने र आवश्यकता अनुसार नेपाल अधिराज्यका विभिन्न ठाउँमा विद्यालयको स्थापना गर्ने, गराउने।

(५) विद्यालयबाट उत्पादित जनशक्तिको उपयोगिता, दक्षता तथा प्रभावकारिताको अध्ययन गर्ने गराउने र त्यस अनुरूप प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रमहरूको क्रमशः सुदृढीकरण तथा विस्तार गर्दै लैजाने ।

(६) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम दिने विषय निर्धारण गर्ने र त्यस्तो विषयको सैद्धान्तिक र प्रयोगात्मक पाठ्यक्रमहरूलाई स्वीकृति दिने ।

(७) अध्ययन र तालीम अवधिमा विद्यार्थीहरूलाई प्रदान गरिने आर्थिक सहायता आदि निर्धारण गर्ने ।

(८) शिक्षक तथा कर्मचारीहरूको दरबन्दी सृजना गर्ने तथा नियुक्ति, सरुवा, बढुवा र तिनीहरूको सेवाका शर्तहरू निर्धारण गर्ने र बरखास्त गर्ने सम्बन्धमा निर्णय गर्ने ।

(९) शिक्षक तथा कर्मचारीहरूको तलब, भत्ता तथा अन्य सहूलियत तोक्ने ।

(१०) उपभोक्तावर्गले आफ्नो आवश्यकता दर्शाई माग गरे अनुसारको प्राविधिक तथा व्यावसायिक तालीमको प्रबन्ध गर्ने, गराउने ।

(२) समितिले आवश्यकता अनुसार उप-समितिहरू गठन गर्न सक्नेछ र उप-समितिको सदस्यहरूलाई दिइने बैठक भत्ता समितिले तोकेबमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. समितिको बैठक तथा निर्णय : (१) समितिको बैठक अध्यक्षको स्वीकृति लिई सदस्य-सचिवले बोलाउनेछ ।

(२) बैठकको सभापतित्व अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा समितिका सदस्यहरूले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको सभापतित्व गर्नेछ ।

(३) समितिको आधाभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) बैठकमा छलफलको लागि प्रस्तुत हुने विषयको सूची प्रत्येक सदस्यकहाँ बैठक हुनुभन्दा २४ घण्टाअगावै पुगी सक्नु पर्नेछ ।

(५) समितिका अध्यक्षलगायत सबै सदस्यहरू र आमन्त्रित सदस्यलाई प्रति बैठक रू. ५०।– का दरले बैठक भत्ता दिइनेछ ।

(६) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

(७) समितिको निर्णय वा आदेश सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

६. समितिको कोष : (१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछः–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्रदान गरिएको रकम, र

(ग) अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकम ।

(२) समितिको कोषको सञ्चालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

७. लेखा तथा लेखापरीक्षण : (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीकाबमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाब किताब जाँच्न वा जचाउन सक्नेछ ।

८. अधिकार प्रत्यायोजन : (१) समितिले विद्यालयका शिक्षक तथा कर्मचारीहरूको नियुक्ति, सरुवा, बढुवा तथा बर्खासी गर्ने अधिकार निर्देशनालयको महा-निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) समितिले आफ्नो सबै वा केही अधिकार समितिको सदस्य-सचिव वा कुनै सदस्य वा समिति अन्तर्गत गठन गरिने उप-समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. श्री ५ को सरकारसंग सम्पर्क : समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा शिक्षा तथा संस्कृति मन्त्रालयमार्फत् सम्पर्क राख्नु पर्नेछ ।

१०. नियमहरू बनाउन सक्ने : (१) समितिले आफ्नो कार्य सञ्चालन गर्नको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यसरी बनाएको नियमहरूमा श्री ५ को सरकारबाट स्वीकृति भएपछि लागू हुनेछ ।

(२) उप-दफा (१) ले दिएको अधिकारको सर्व सामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी समितिले खासगरी देहायका विषयहरूमा नियम बनाउन सक्नेछः–

(क) निर्देशनालयको महा-निर्देशकको काम, कर्तव्य र अधिकार,
(ख) विद्यालय स्थापना गर्दा अपनाउनु पर्ने कुराहरू,
(ग) विद्यालय सञ्चालक समितिको गठन तथा काम, कर्तव्य, अधिकार र बैठकसम्बन्धी कार्यविधि,
(घ) विद्यालयका प्रधान अध्यापकको काम, कर्तव्य र अधिकार,
(ङ) अध्यापन कार्यक्रम, अध्ययन अवधि र अध्ययन सत्र,
(च) विद्यार्थी भर्ना,
(छ) पाठ्यक्रम, पाठ्य-पुस्तक तथा परीक्षा सञ्चालन,
(ज) शिक्षक तथा विद्यार्थीहरूलाई दिइने सुविधा,
(झ) विद्यालय कोष र त्यसको सञ्चालन तथा विद्यालयको आय-व्ययको लेखापरीक्षण ।

११. समितिको कार्यालय : समितिको कार्यालय काठमाडौंमा रहनेछ ।

आज्ञाले,
डा. नरसिंह नारायण सिंह
श्री ५ को सरकारको का. मु. सचिव

३४९

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।